# लालीगुराँस नगरपालिकाको आर्थिक ऐन २०७७

**लालीगुराँस नगरपालिका**
**बसन्तपुर, तेह्रथुम**
**१ नं. प्रदेश, नेपाल**

# लालीगुराँस नगरपालिकाको आर्थिक ऐन २०७७

**लालीगुराँस नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति :२०७७/०३/३१

**प्रस्तावना :** लालीगुराँस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम लालीगुराँस नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"आर्थिक ऐन २०७७"** रहेको छ ।
(२) यो ऐन २०७७ श्रावण १ गते देखी लालीगुराँस नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति कर :** लालीगुराँस नगरपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

**३. भुमि कर (मालपोत) :** नगरपालिका क्षेत्र भित्र अनुसुची (२) बमोजिम भुमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :** नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा पुरै वा आशिंक तवरले वहालमा दिएकोमा अनुसुची (३) बमोजिम घर वहाल कर लगाईने रअसूल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसुची (४) बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

**६. सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता गरिएका सवारी साधनमा अनुसुची (५) बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

**७. बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख गरेका अनुसुची (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसुचीमा भएको व्यवस्था अनुसारबहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**८. पार्किङ्ग शुल्क :** नगरपालिका क्षेत्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत अनुसुची (७) बमोजिम पार्किङ्ग शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**९. सेवा शुल्क, दस्तुर :**नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (८) मा उल्लेखीत स्थानीय पुर्वाधार र उपब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१०. पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो पर्यटकिय क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची (९)

बमोजिम पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**११. अमिन सेवा शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्र भित्र अमिन खटाए वापत अनुसुची (१०) बमोजिम शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१२. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१३. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

यस लालीगुराँस नगरपालिकाको आ.व २०७६/०७७ असार मसान्त सम्मको अन्तरिक आयको विवरण निम्नप्रकार रहेको छ ।

| सि.नं. | आम्दानीको श्रोत | आ.व ०७६/०७७ असार मसान्त सम्मको आन्तरिक आय |
|---|---|---|
| १ | सम्पत्ति तथा भुमि कर | १०१३३४० |
| २ | दर्ता तथा नविकरण दस्तुर | ६०६३०० |
| ३ | सिफारिस तथा बक्सौनी दस्तुर | ६२७७५० |
| ४ | नाता प्रमाणित दस्तुर | ३५५०० |
| ५ | अन्य दस्तुर | २५५२७० |
| ६ | दण्ड जरिवाना | ३२८८२।५० |
| ७ | पंजिकरण | २६५५० |
| ८ | बोलपत्र खरिद दस्तुर | ७६००० |
| ९ | नक्सापास दस्तुर | २७८९८४।८० |
| १० | घर नक्शा किताब | १३००० |
| ११ | घर बहाल कर | ४८२२९८।०४ |
| १२ | भाडा तथा बहाल बाट आय | ४२३३६५ |
| १३ | सवारीपार्किङ्ग शुल्क | ७२३७०० |
| १४ | हटिया कर | ५२०१० |
| १५ | पर्यटन शेवा शुल्क | ६६६४० |
| १६ | राजश्व बाँडफाँड | ३४३४०१।३० |
| १७ | खानेपानी महशुल | २६३६१८ |
| १८ | फोहोर मैला व्यवस्थापन शुल्क | २२७००० |
| १९ | दरखास्त फारम दस्तुर | १६५०० |
| २० | न्यायिक दस्तुर | ८०० |
| २१ | बेरुजु फर्छ्यौट | ५०८०० |
| | जम्मा | ५६२१५८४।६४ |

माथि गत वर्ष प्राप्त भएको आन्तरिक आम्दानीका केही शीर्षकहरुमा लकडाउनको कारणले अनुमानित आमदानी अनुसार कर संकलन हुन नसकेको हुदा आगामि आ.ब ०७७/७८ को लागि यस नगरपालिकाले प्राप्त गर्न सक्ने आमदानीको श्रोत लाई तपसिल बमोजिम अनुमान गरिएको छ ।

| **सि.नं.** | **आम्दानीको श्रोत** | **आ.व ०७७/०७८ मा प्रप्त गर्न सकिने आन्तरिक आयको अनुमान** |
|---|---|---|
| १. | सम्पत्ति तथा भुमि कर | ८,५०,००० |
| २. | दर्ता तथा नविकरण दस्तुर | ६,००,००० |
| ३. | सिफारिस तथा बक्सौनी दस्तुर | १०,००,००० |
| ४. | नाता प्रमाणित दस्तुर | ३०,००० |
| ५. | अन्य दस्तुर | ७१,४६,००० |
| ६. | दण्ड जरिवाना | २०,००० |
| ७. | पंजिकरण | ३०,००० |
| ८. | बोलपत्र खरिद दस्तुर | ३०,००० |
| ९. | नक्सापास दस्तुर | २,००,००० |
| १०. | घर नक्शा किताब | १५,००० |
| ११. | घर बहाल कर | ३,००,००० |
| १२. | भाडा तथा बहाल बाट आय | ३,५०,००० |
| १४. | हटिया कर | ६०,००० |
| १५. | पर्यटन शेवा शुल्क | २,००,००० |
| १६. | राजश्व बाँडफाँड | ५,००,००० |
| १७. | खानेपानी महशुल | ३,००,००० |
| १८. | फोहोर मैला व्यवस्थापन शुल्क | २,००,००० |
| १९. | दरखास्त फारम दस्तुर | १५,००० |
| २०. | न्यायिक दस्तुर | ४,००० |
| जम्मा | | १,१८,५०,००० |

**आर्थिक वर्ष ०७७/७८ को लागि निम्नानुसार कर, सेवा शुल्क तथा दस्तुरहरु पारित गर्ने निर्णय गरियो ।**

अनुसुची १

लालीगुराँस नगरपालिकाद्धारा निर्धारित सम्पत्ति तथा भुमिकरको दर आ.व २०७७/७७ का लागि

**१. कोशी तथा मध्य पहाडी राजमार्ग ले छोएको ३० मिटर सम्मको दाँयाबाँयाको क्षेत्र :**

| क.सं. | घरजग्गाको विवरण | न्युनतम मुल्यांकन प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|
| १ | **चित्रे बजार** | | |
| क | ल.न.पा.वडा नं. ४ चित्रे, जिल्ला सिमानाबाट दुग्ध चिस्यान केन्द्र सम्म | २४००००० | |
| ख | दुग्ध चिस्यान बाट ला.न.पा.वडा नं. ४ सिमाना सम्म | १६००००० | |
| २. | **बसन्तपुर बजार** | | |
| क | ला.न.पा.वडा नं. २ भुल्केधारामोड बाट वडा नं. १ को सिमाना सम्म | ८००००० | |
| ३ | ला.न.पा.वडा नं. १ गाँडेपाल्ले देखि टुटेदेउराली | २४००००० | |
| ४ | ला.न.पा.वडा नं. १ डाँडाखर्क देखि वडा नं. १ माबोहाङ खोल्सी | ४००००० | |
| ५ | ला.न.पा.वडा नं. १ माबोहाङ खोल्सी बाट वडा नं. १ कागज फ्याक्ट्रि सम्म | २५००००० | |
| ६ | ला.न.पा.वडा नं. १ गुम्बा देखि वडा नं. १ रातोपाटि सम्म | १६००००० | |
| ७ | ला.न.पा.वडा नं. ७ च्याक्चे देखि वडा नं. ७ छिरुवा खोल्सी सम्म | १५०००० | |
| ८ | ला.न.पा.वडा नं. ७ फिर्के बजार बाट वडा नं. ७ रमिते डाडा | २४००००० | |
| ९ | ला.न.पा.वडा नं. ७ रमितेडाँडा बाट व वडा नं. ९ को लसुने बजार | ३२००००० | |
| १० | ला.न.पा.वडा नं. ९ काँडे देखि पिंगुवा सम्म | १५०००० | |

**२. जिल्ला मार्ग रिङ्ग रोड, प्रमुख कलेक्टर रोडको दाँयाबाया ३० मिटर क्षेत्रभित्र :**

| क.सं. | घरजग्गाको विवरण | न्यूनतम मूल्याङ्कन प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|
| १ | मंगलबारे बजार क्षेत्र सल्ला डाँडा देखि एकसरे खोल्सी सम्म( वडा नं. ६ र ८) | ५००००० | |
| २ | शनिश्चरे बजार क्षेत्र (चिया फ्याक्ट्रि देखि बास्तोला खोल्सी सम्म (वडा नं. ९) | ३००००० | |
| ३ | चिस्यान लसुने बजार बाट महेश्वर पाटि सम्म (वडा नं. ७ र ९) | १०००००० | |
| ४ | सोल्मा बजार क्षेत्र पांग्रेबारी देखि वडा नं ८ को वडा कार्यालय सम्म (वडा नं. ८) | ५००००० | |
| ५ | सोल्मा बजार क्षेत्र वडा नं ८ को वडा कार्यालय देखि निधिनाथ बारी सम्म | ३००००० | |
| ६ | बाँकी सबै वडाकार्यालयका केन्द्रबाट १०० मिटर आसपास | ३००००० | |
| ७ | नयाँ शहरको लागि शहरी बिकासले निमार्ण गर्ने घडेरी हरु | २४००००० | |

पूनश्च : माथी उल्लेख हुन छुट भएका तथा नयां ट्र्याक खोलीएका सडक संग जोडिएका ३० मिटर दायां वायांको जग्गाको  मूल्यांकन सम्वन्धित व्यक्तिको घोषणा, नगरपालिका कार्यलयको सिफारिस प्रतिबेदन अनुसार नगर कार्यपालिकाबाट स्विकृत भए पश्चात कायम हुने छ । साथै उल्लेखित क्षेत्र बाहेकका अन्य जग्गालाई पाखाबारी, खेतियोग्य जमिन मानि प्रति रोपनी रु २५,०००।- मूल्याङ्कन गरिएको छ ।

**आ.ब ०७७/७८  देखि लागु हुने सम्पति तथा भुमिकरको दररेट :**

| क्र सं. | देखी | सम्म | सम्पति करको दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ५००००० | १०० | |
| ४ | ५००००१ | १०००००० | २०० | |
| ६ | १००००००१ | १५००००० | ३०० | |
| ७ | १५०००००१ | २०००००० | ४०० | |
| ८ | २००००००१ | २५००००० | ५०० | |
| ९ | २५०००००१ | ३०००००० | ६०० | |
| १० | ३००००००१ | ३५००००० | ७५० | |
| ११ | ३५०००००१ | ४०००००० | १००० | |
| १२ | ४००००००१ | ४५००००० | १५०० | |
| १३ | ४५०००००१ | ५०००००० | २००० | |
| १४ | ५००००००१ | ६०००००० | ३००० | |
| १५ | ६००००००१ | ७०००००० | ४००० | |
| १६ | ७००००००१ | ८०००००० | ५००० | |
| १७ | ८००००००१ | ९०००००० | ६००० | |
| १८ | ९००००००१ | १०००००००० | ७००० | |
| १९ | १००००००१ | १५०००००० | ८५०० | |
| २० | १५००००००१ | २०००००००० | १०००० | |
| २१ | २००००००१ | २५०००००० | १२५०० | |
| २२ | २५००००००१ | ३०००००००० | १५००० | |
| २३ | ३००००००१ | ३५०००००० | १७५०० | |
| २४ | ३५००००००१ | ४०००००००० | २०००० | |
| २५ | ४००००००१ | ४५०००००० | २२५०० | |
| २६ | ४५००००००१ | ५०००००००० | २५००० | |
| २७ | ५००००००१ | माथि | १ रुपैयाँ प्रति हजार | |

लालीगुराँस नगरपालिकाद्धारा आ.व २०७७/७८ का लागि सम्पत्तिकरको मूल्यांकन प्रयोजनका लागि भौतिक संरचनाको मूल्यांकन दर, बर्गिकरण र आयु ।

| सि.नं. | घरको वर्गिकरण | औषत लागत दर प्रति वर्गफुट रु | संरचनाको ह्रास कटि दर | कटि गर्ने जम्मा वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर इटामा माटोको जोडाई भएका सबै किसीमका घर र काठैकाठ बाट बनेका घर | ४५० | ३% | २५ | |
| २ | भित्र बाहिर पाको इटा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर | ५२५ | २% | ३० | |
| ३ | भित्र बाहिर पाको इटामा सिमेन्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर | ५७५ | १% | ७० | |
| ४ | आर.सी.सी फ्रेम स्ट्रक्चरबाट बनेका घर | ६३५ | ०.७५% | १०० | |

आर्थिक वर्षको अन्त सम्म सम्पत्ति कर नबुझाई बक्यौता रहन गएमा बक्यौता रहन गएको सबै रकममा पहिलो बर्षको बक्यौता रहेमा १० प्रतिशत, दोस्रो बर्षको बक्यौता रहेमा २० प्रतिशत, तेस्रो बर्षको बक्यौता रहेमा ३० प्रतिशत,चौथो बर्षको बक्यौता रहेमा ४० प्रतिशत, पाँचौ बर्षको बक्यौता रहेमा ५० प्रतिशत र सो भन्दा माथि बक्यौता रहेमा ६० प्रतिशत जरिवाना सहित अशुल उपर गरिनेछ । साथै प्रत्येक आ.व को असोज मसान्त भित्रमा एकीकृत सम्पत्ति कर तिर्ने करदातालाई १०% छुट दिइने छ । लकडाउनको कारण सम्पत्ति तथा भुमीकर सबैले समयमा तिर्न नसकेको कारण आ.ब २०७६/७७ को कर बक्यौता रहेमा सो आ.ब को जरिवाना रकम छुट हुनेछ ।

## अनुसुची २

मालपोत तथा भुमिकर

जग्गाको प्रकारः अब्बल, दोयम, सिम र चहार
क) खेत/बारी प्रति रोपनी रु. ५ रु.४ रु.३ रु.२
(नोट :आ.व. ०७३/७४ भन्दा अगाडीको बक्यौता रहेकाको लागि मात्र लागु हुने)

## अनुसुची ३

**बहाल करको दर :**

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर दश प्रतिशत ।

# अनुसुची ४

नगरपालिकाले आफ्नो क्षेत्रभित्र  आ.व ०७६/७७ मा लगाएको र आ.व ०७७/७८ मा लगाउने व्यवसाय करको प्रस्तावित कायम दर

| क.सं | १. व्यापारिक बस्तु | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | चुरोट, रक्सी, ज्वेलरी आदिको थोक तथा खुद्रा व्यापारमा | थोक २२०० खुद्रा ११०० | थोक २२०० खुद्रा ११०० | |
| ख | कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा | थोक २२०० खुद्रा ११०० | थोक २२०० खुद्रा ११०० | |
| ग | दैनिक उपभोगका खाद्य पदार्थ, सुति कपडा, आदिको थोक तथा खुद्रा व्यापारमा | थोक ११०० खुद्रा ७०० | थोक ११०० खुद्रा ७०० | |
| घ | सवारी साधन विक्रेता | १२०० | १२०० | |
| ङ | रेडिमेड कपडा पसल आदिको थोक तथा खुद्रा व्यापारमा | थोक १५०० खुद्रा ११०० | थोक १५०० खुद्रा ११०० | |
| च | स्टेशनरी | १५०० | १५०० | |
| छ | निर्माण सामाग्री हार्डवेयर पसल | २५०० | २५०० | |

| क.सं | २. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | चिकित्सक | २८०० | २८०० | |
| ख | कविराज | ६०० | ६०० | |
| ग | इन्जिनियर | ३३०० | ३३०० | |
| घ | कानुन व्यवसायी | २८०० | २८०० | |
| ङ | लेखा परिक्षक | ३३०० | ३३०० | |
| च | दन्त चिकित्सक | २२०० | २२०० | |
| छ | अनुसन्धानकर्ता तथा परामर्श दाता | २७५० | २८०० | |
| ज | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १६५० | १६५० | |
| झ | विमा एजेन्ट | २२०० | २२०० | |
| ञ | अनुबादक | २२०० | २२०० | |
| ट | पशु चिकित्सक | २२०० | २५०० | |

| | | | | |
|---|---|---|---|---|
| ठ | सामान ढुवानीकर्ता तथा कम्पनी | २२०० | २२०० | |
| ड | संस्थागत पेन्टर | ५५०० | ५५०० | |

| क्र.सं | ३. नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | क वर्गको निर्माण व्यवसायमा | ११००० | ११००० | |
| ख | ख वर्गको निर्माण व्यवसायमा | ७७०० | ७७०० | |
| ग | ग वर्गको निर्माण व्यवसायमा | ५५०० | ५५०० | |
| घ | घ वर्गको निर्माण व्यवसायमा | २२०० | २२०० | |
| ङ | घ वर्गको निर्माण व्यवसाय (विलम्ब शुल्क) | | ४४०० | |

| क्र.सं | ४. उत्पादनमुलक उद्योग | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरि उत्पादन गर्ने उद्योगमा | ठुला ५५०० मझौला ३३०० साना २२०० | ठूला ५५०० मझौला ३३०० साना २२०० | |
| ग | लघु तथा घरेलु उद्योग | २५०० | २५०० | |
| ख | रक्सी, वियर, वाईन उत्पादन गर्ने उद्योगमा | ५००० | ५००० | |

| क्र.सं | ५. उर्जामुलक उद्योग | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | जलश्रोत, वायु, सोर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ३३०० | ३३०० | |

**नोट : न्युन स्तरको साना तथा खुद्रा पसलहरुलाई करको दयरामा ल्याउन पसलको अवस्था हेरी न्युनतम ३०० देखी ५०० सम्म व्यवसाय कर लगाउने ।**

| क्र.सं | ६. पशु, कृषि तथा वनजन्य उद्योग | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | मुलत जडिबुटी वा वन पैदावरमा आधारित व्यवसायमा | २८०० | २८०० | |
| ख | कुखुरा, बाखा, गाई, बंगुर तथा अन्य पशुजन्य तथा फलफूल फर्म तथा व्यवसायमा | २५०० | २५०० | |

| क.सं | ७. खनिज उद्योग | आ.व. ०७६।७७<br>कायम दर रु | आ.व. ०७७।७८<br>प्रस्तावित कायम दर रु | कैफियत |
|---|---|---|---|---|
| क | खनिज उत्खन वा प्रशोधन गर्ने व्यवसायमा | ५५०० | ५५०० | |

| क.सं | ८. पर्यटन उद्योगः | आ.व. ०७६।७७<br>कायम दर रु | आ.व. ०७७।७८<br>प्रस्तावित कायम दर रु | कैफियत |
|---|---|---|---|---|
| क | साना होटल, मोटेल, रेष्टुरेन्ट | २२०० | २२०० | |
| ख | मझौला होटल, मोटेल, रेष्टुरेन्ट, ट्राभल एजेन्सी, | ३३०० | ३३०० | |
| ग | स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याप्टीङ, पर्यटक रिसोर्ट/होटल आदी व्यवसायमा | ५५०० | ५५०० | |

| क.सं | ९. सेवा उद्योग | आ.व. ०७६।७७<br>कायम दर रु | आ.व. ०७७।७८<br>प्रस्तावित कायम दर रु | कैफियत |
|---|---|---|---|---|
| क | परामर्श सेवा,चलचित्र व्यवसाय, सार्बजनिक परिवहन, फोटोग्राफि, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ३३०० | ३३०० | |
| ख | कुटानी पिसानी मिल | २५०० | २५०० | |

| क.सं | १०. निर्माणउद्योग | आ.व. ०७६।७७<br>कायम दर रु | आ.व. ०७७।७८<br>प्रस्तावित कायम दर रु | कैफियत |
|---|---|---|---|---|
| क | सडक, पुल, रोपवे, रेलवे, टनेल, फ्लाइङ ब्रिज तथा औद्योगिक व्यापारिक एबं आवास कम्प्लेक्स आदि निमार्ण/सञ्चालन गर्ने व्यवसायमा | ५५०० | ५५०० | |

| क.सं | ११. संचार सेवा | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | निजि क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडी, एसटिडी, इमेल इन्टरनेट सेवा | ११०० | ११०० | |
| ख | कुरियर सेवा | ६०० | ११०० | |
| ग | छपाई तथा प्रकाशन | २८०० | २८०० | |
| घ | निजि दुरसंचार टावर | २००० | २००० | |
| ङ | रेडियो तथा एफएम स्टेसन | २५०० | २५०० | |
| च | टेलिभिजन स्टेसन | ३००० | ३००० | |
| **क.सं** | **१२. वित्तय सेवा** | **आ.व. ०७६।७७** | **आ.व. ०७७।७८** | कैफियत |
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाँणिज्य बैङ्क | १५००० | १५००० | |
| ख | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ८२५० | ८२५० | |
| ग | वित्तीय कम्पनी शाखा कार्यालय | २२०० | २५०० | |
| घ | वीमा कम्पनी | ५००० | ५००० | |
| ङ | विदेशी मुद्रा सटही | २७५० | २७५० | |
| च | धितोपत्र कारोबार | २७५० | २७५० | |
| छ | सहकारी संस्था | १६५० | १६५० | |

| क.सं | १३. स्वास्थ्य सेवा | आ.व. ०७६।७७ | आ.व. ०७७।७८ | कैफियत |
|---|---|---|---|---|
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | गैरसरकारी अस्पताल | ५५०० | ५५०० | |
| ख | नर्सिङ होम | ५५०० | ५५०० | |
| ग | मेडिकल, क्लिनिक तथा ल्याब | २८०० | २८०० | |
| **क.सं** | **१४. शिक्षा सेवा तथा अन्य** | **आ.व. ०७६।७७** | **आ.व. ०७७।७८** | कैफियत |
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | १२०० | १२०० | |
| ख | तालिम तथा अनुसन्धान केन्द्र | २२०० | २२०० | |
| ग | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | २२०० | २२०० | |

| | | | | |
|---|---|---|---|---|
| घ | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ५५०० | ५५०० | |
| ङ | राष्ट्रिय गैर सरकारी संस्था | २००० | २००० | |
| च | क्लब, समुह लगायतका स्थानिय संस्था | १२०० | १२०० | |
| **क.सं** | **१५. मर्मत सम्भार सेवा** | **आ.व. ०७६।७७** | **आ.व. ०७७।७८** | कैफियत |
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटरसाइकल, टेम्पो, साइकल मर्मत कारखाना | १७०० | १७०० | |
| ख | रेडियो, टिभी, घडी, प्रसरकुकर, हिटर, टेलिफोन सेट, विधुतीय सामग्री मर्मत केन्द्र | ११०० | ११०० | |
| **क.सं** | **१६. अन्य सेवा** | **आ.व. ०७६।७७** | **आ.व. ०७७।७८** | कैफियत |
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |
| क | विज्ञापन सेवा | १६५० | १६५० | |
| ख | बैदेशिक रोजगार सेवा | २७५० | २७५० | |
| ग | स्वदेशी रोजगार सेवा | ११०० | ११०० | |
| घ | सेक्रेटेरियल सेवा | ११०० | ११०० | |
| ङ | हाउजिङ तथा घरजग्गा खरिद विक्रि, रियल स्टेट | ५५०० | ५५०० | |
| च | ब्युटिपार्लर, केश श्रृंगार, ड्राइ क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | ११०० | ११०० | |
| छ | साइनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ११०० | ११०० | |
| ज | पशु बधशाला | ११०० | ११०० | |
| झ | मासु विक्रेता | १००० | १००० | |
| ञ | फुल र विरुवा विक्रेता | १००० | १००० | |
| ट | पुल हाउस | ११०० | ११०० | |
| ठ | सिसा, प्लाइउड विक्रेता | ११०० | ११०० | |
| ड | भाँडाकुँडा विक्रेता | ११०० | ११०० | |
| ढ | स्टिल, काठ, फर्निचर विक्रेता | ११०० | ११०० | |
| ण | खेलौना, उपहार(गिफ्ट) विक्रेता | १००० | १००० | |
| त | केबुल नेटवर्किङ/इन्टरनेट सेवन | १०००० | १०००० | |
| थ | क्लब तथा समुह दर्ता | १२०० | १२०० | |
| **क.सं** | **१७. अन्य व्यवसाय** | **आ.व. ०७६।७७** | **आ.व. ०७७।७८** | कैफियत |
| | | कायम दर रु | प्रस्तावित कायम दर रु | |

| | | | | |
|---|---|---|---|---|
| क | निजी पार्क/ पिकनिक स्पट | ११०० | ११०० | |
| ख | सिनेमा घर | २५०० | २५०० | |
| ग | सिरक डसना बनाउने उद्योग | २००० | २००० | |
| घ | सिलाई कटाई तथा टेलरिङ | ११०० | ११०० | |
| ङ | डान्स, फिजिकल फिटनेस सेन्टर आदि | २००० | २००० | |

## अनुसुची ५

१. सवारी दर्ता तथा बार्षिक सवारी कर

- टेम्पो, इ रिक्सा, अटो रु. ५००
- ठेलागाडा तथा रिक्सामा रु. १००

२. दर्ता तथा संचालन ईजाजत दस्तुर : नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा आदि दर्ता रु. १०० ।-

३. पर्यटन क्षेत्र प्रबेश तथा बजार सरसफाई सुल्क

- निजी तथा भाडाका बस, ट्रक र ट्र्याक्टरमा रु. ४०
- मिनिबसमा रु.३०
- निजि तथा भाडाका कार, टेम्पामा रु. ३०
- अन्य सवारी साधनमा रु २०

## अनुसुची ६

अस्थायी हाट बजार वा घुम्ती पसल : अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहायबमोजिम व्यवसाय कर :

- घुम्ती मोबाइल पसल ३० रुपैया
- चौपाया प्रति गोटा ३० रुपैया
- हाँस, कुखुरा आदि प्रति गोटा १० रुपैयाँ
- साग सब्जी र फलफुल पसल ५ रुपैयाँ
- अन्य १० रुपैयाँ ।

अनुसुची ७

**क. दस्तुर :**

| सि..नं | दस्तुर | **आ.व. ०७५।७६** | **आ.व. ०७६।७७** | कैफियत |
|---|---|---|---|---|
| | | कायम रकम | प्रस्तावित कायम रकम | |
| १ | बंशजको आधारमा नागरिकता शिफारिस | ३०० | ३०० | |
| २ | नाम छुट तथा सनाखत नागरिकता शिफारिस | ३०० | ३०० | |
| ३ | अंगिकृत नागरिकता शिफारिस | १५०० | १५०० | |
| ४ | नाता प्रमाणित | ५०० | ५०० | |
| ५ | क. पञ्जिकरण सिफारिस<br>ख. पञ्जिकरण बिलम्ब शुल्क | १००<br>५० | २००<br>५० | |
| ६ | नाम,थर,जन्म मिति,ठेगाना,प्रहरी रिपोर्ट,साथै जातियता सम्बन्धीर अन्य सिफारिस | २५० | २५० | |
| ७ | घर जग्गा तथा पेन्सन नामसारि सिफारिस | ५०० | ५०० | |
| ८ | घर बाटो भएको सिफारिस | ८०० | ८०० | |
| ९ | पानी, बिद्युत,टेलिफोन जडान सम्बन्धी सिफारिस | ४०० | ५०० | |
| १० | अंग्रेजी भाषामा सिफारिस वा अंग्रजिमा रुपान्तरण | १००० | १००० | |
| ११ | चार किल्ला प्रमाणित | ८०० | ६०० | |
| १२ | मेला ,उत्सब ,महोत्सब लगाउने सिफारिस | १५०० | १५०० | प्रतिदिन रु.१०००।- मेला दस्तुर । |
| १४ | व्यवसाय, नाफामुलक संघ संस्था दर्ता/अन्य प्रयोजन लागि सिफारिस | १००० | १००० | |
| १५ | गैर नाफा मुलक संघसंस्था दर्ता/अन्य प्रयोजन सिफारिस | | ५०० | |
| १६ | अन्य बिषेश प्रकृतिका सिफारिस | ५०० | ५०० | |
| १७ | रुख कटान सिफारिस (उतिस) प्रतिरुख | १०० | १५० | |
| १८ | रुख कटान सिफारिस (चिलाउने,सल्ला) प्रति रुख | १५० | १५० | |
| १९ | नक्सा प्रमाणित प्रतिपेज | २० | २० | |

**नोटः रुख कटान सिफारिस को लागि सामुदायिक बनका सार्बजनिक संस्थाका रुख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर लाग्नेछ ।**

अनुसुची ८

| **ख. घर नक्सा पास दस्तुर** | | |
|---|---|---|
| १ | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १ |
| २ | कच्ची घर प्रति वर्ग फिट ग्रामीण क्षेत्र | १ |
| ३ | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्चीसडक) | ३ |

| | | |
|---|---|---|
| ४ | आर.सी.सी.घर प्रति वर्ग (कच्ची सडक) | ४ |
| ५ | आर.सी.सी.घर प्रति वर्ग(पक्की सडक) | ५ |
| ६ | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक) | ४ |
| ७ | नक्सा शंसोधन साबिक माथि २० प्रतिसत थप | |
| ८ | हरित आवास गृह निर्माण गर्नेको लागि लाग्ने दस्तुरको ४० प्रतिसत छूट | |
| ९ | लेआउट प्रति बर्ग फुट | १ |

| ग. नगरपालिकाको हल तथा अन्य सामान भाडा | | |
|---|---|---|
| १ | वडा केन्द्रमा रहेको हल पहिलो दिन | ५०० |
| २ | वडा केन्द्रमा रहेको हल दोश्रो दिन देखि थप प्रतिदिन | २०० |
| ३ | स्टेज भाडा | १५०० |
| ४ | प्रोजेक्टर भाडा | ५०० |
| ५ | स्काभेटर नगरपालिकाको योजनाको उपभोक्ता समिति (तेल बाहेक) | १८०० |
| ६ | स्काभेटर व्यक्तिगत प्रयोजन (तेल बाहेक) | २००० |
| ७ | ट्याक्टर भाडा (तेल बाहेक नगर भित्र प्रति टिप ) ५ कि.मि. सम्मको | ५०० |
| ५ | ट्याक्टर भाडा (तेल बाहेक नगर भित्र प्रति टिप ) ६ देखी १० कि.मि. सम्मको | १००० |
| ६ | ट्याक्टर भाडा (तेल बाहेक नगर भित्र प्रति टिप ) ११ देखी २० कि.मि. सम्मको | १५०० |
| ७ | ट्याक्टर भाडा (तेल बाहेक नगर भन्दा बाहिर वा २० कि.मि भान्दा टाढा प्रति टिप ) | २००० |
| ८ | जेसिवि नगरपालिकाको योजनाको उपभोक्ता समितिलाई (तेल बाहेक) | ८०० |
| ९ | जेसिवि व्यक्तिगत प्रयोजन (तेल बाहेक) | १००० |

| घ. आय श्रोत तथा चल/अचल सम्पत्ती मूल्यांकन | | |
|---|---|---|
| १ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५ लाख सम्म | ६०० |
| २ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १२०० |
| ३ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २२०० |
| ४ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३२०० |
| ५ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५२०० |
| ६ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५०लाख भन्दा माथि प्रत्येक १० लाख थप | २००० |
| १ | सरसफाई शुल्क प्रति घरधुरी मासिक | १०० |

| ङ. अन्य थप शुल्क | | |
|---|---|---|
| १ | जेसिबी/स्काभेटर सुचि दर्ता शुल्क | ३००० |
| २ | विज्ञापन कर प्रति वर्ग फिट | ५० |

## अनुसुची ९

| ङ. पर्यटन क्षेत्र/पार्क प्रबेश शुल्क | | | |
|---|---|---|---|
| १ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क जिल्लाबासी लाई | २० | प्रति व्यक्ति |
| २ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य स्वदेशी लाई | ५० | प्रति व्यक्ति |
| ३ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क सार्क मुलुक लाई | ५०० | प्रति व्यक्ति |
| ४ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य मुलुक लाई | १००० | प्रति व्यक्ति |
| ५ | पिकनिक स्पट प्रबेश तथा सरसफाई शुल्क | ३०० | प्रति टिम |

## अनुसुची १०

| ङ. नगरपालिकाको अमिन सेवा शुल्क | | | |
|---|---|---|---|
| १ | बसन्तपुर बाट ५,६,७,८ र ९ नं. वडाको लागि | १००० | प्रति पटक |
| २ | बसन्तपुर बाट १, ३ र ४ नं. वडाको लागि | ५०० | प्रति पटक |
| ३ | बसन्तपुर बजार क्षेत्र तथा २ नं. वडा भित्रको लागि | ३०० | प्रति पटक |